बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

बारबर्दिया राजपत्र

**भाग–२**

**खण्डः४ संख्याः ५ मितिः २०७७/०३/०४**

कार्यपालिका निर्णय मितिः२०७७/३/४

# बारबर्दिया नगरपालिकामा कार्यरत कर्मचारीहरुको कोरना भारस (कोभिड -१९) सम्बन्धी जोखिम भत्ता कार्यविधि, २०७७

प्रस्तावनाः कोरोना भाइरस (कोभिड -१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कार्यमा संलग्न जनशक्तिलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।१२।०९ को निर्णय अनुसार जोखिम भत्ता उपलब्ध गराउन वाञ्छनीय भएकोले,

संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि जारी गरेको छ । सो आदेश बमोजिम यस बारबर्दिया नगरपालिकाले नगरपालिकामा कार्यरत कर्मचारीहरुको कोरोना भाईरस सम्बन्धि जोखिम भत्ता कार्यविधि २०७७ जारि गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस आदेशको नाम "बारबर्दिया नगरपालिकाको कोभिड -१९ सम्बन्धी जोखिम भत्ता कार्यविधि, २०७७" रहेको छ ।

२.परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "रोकथाम तथा नियन्त्रण" भन्नाले कोभिड -१९ को संक्रमणको न्युनिकरण गर्नका लागि प्रदान गरिएको स्वास्थ्य सम्बन्धि सेवा सम्झनु पर्छ ।

(ख) "कोभिड -१९ भन्नाले (SARS-COV-2) भाइरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्छ ।
(ग) "स्वाव संकलन र आ.डि.टी परिक्षण" भन्नाले क्वारेन्टाइन स्थलमा कोभिड -१९ को परीक्षण गर्नका लागि स्वाव संकलन तथा RDT परिक्षण भन्ने सम्झनु पर्छ ।
(घ) "जोखिम भत्ता" भन्नाले कोभिड -१९ को संक्रमणको रोकथाम तथा नियन्त्रणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहने जनशक्तिलाई यस कार्यविधि वमोजिम प्रदान गरिने जोखिम भत्ता सम्झनु पर्छ ।
(ङ) "नगरपालिका" भन्नाले बारबर्दिया नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।
(च) "जनशक्ति" भन्नाले कोभिड -१९ को संक्रमणको रोकथाम तथा नियन्त्रणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न दफा ३ बमोजिमको निकायको सोही बमोजिमको कार्यमा संलग्न देहाय बमोजिमका जनशक्ति सम्झनु पर्छः

१.नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत
२.लेखा अधिकृत वा सो काम गर्न खटिएको कर्मचारी
३.डाक्टर
४.कम्युनिटी नर्स
५.पारामेडिक्स
६.प्रयोगशालाकर्मी
७.कोभिड -१९ को रोकथाम तथा नियन्त्रणमा संलग्न एम्बुलेन्स चालक तथा सहायक
८.सरसफाइमा संलग्न कर्मचारी
९.कम्पयुटर अपरेटर
१०.मौज्दात व्यवस्थापनमा सहयोग गर्ने कर्मचारी
११. प्रशासनिक तथा अन्य कर्मचारी र सहयोगी कर्मचारी
१२. प्रमुख प्रशासकिय अधिकृतले कोभिड -१९ को संक्रमणको रोकथाम तथा नियन्त्रणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको भनी प्रमाणित गरेका कर्मचारी ।

३. जोखिम भत्ता प्राप्त गर्न सक्नेः कोभिड -१९ को संक्रमणको रोकथाम तथा नियन्त्रणमा संलग्न देहाय वमोजिमका निकायका देहाय वमोजिमका काममा खटिएका जनशक्तिले जोखिम भत्ता प्राप्त गर्न सक्नेछन्ः
(क) देहाय बमोजिमका हेल्थ डेस्क तथा संस्थामा कार्यरत जनशक्तिः
(१) हेल्थ डेस्कमा खटिएका
(२) स्वास्थ्य संस्थामा खटिएका
(ख) देहाय बमोजिमका क्वारेन्टाइनमा कार्यरत जनशक्तिः
(१) बारबर्दिया नगरपालिकाले विदेशबाट वा बाहिर जिल्लाबाट उद्धार गरी ल्याएका व्यक्तिहरूको हेरचाह तथा निगरानीका लागि बारबर्दिया नगरपालिकाद्धारा खडा गरिएका क्वारेन्टाइनमा खटिएका,
(२) कोभिड -१९ को संक्रमण हुन सक्ने शंका गरिएका विभिन्न नाकाबाट नेपाल प्रवेश गरेका स्वदेशी तथा विदेशी नागरिकलाई राख्नका लागि बारबर्दिया नगरपालिका अन्तर्गत खडा गरिएका क्वारेन्टाइनमा खटिएका,
(३) कोभिड -१९ को संक्रमण हुन सक्ने शंका गरिएका देशभित्र रहेका व्यक्तिलाई बारबर्दिया नगरपालिकाबाट खडा गरिएको क्वारेन्टाइनमा खटिएका कर्मचारी,

(ग) देहाय बमोजिमका कार्यमा संलग्न जनशक्तिः

(१) संक्रमणको शंकास्पद व्यक्तिलाई शुरु परीक्षण (स्क्रिनिंग) र सो कार्यमा सहयोग पुर्याउने तथा फिबर (ज्वरो) क्लिनिकमा खटिएका जनशक्ति,

(२) संक्रमणको शंकास्पद व्यक्तिलाई आइसोलेसनमा राख्नु पर्ने अवस्था देखिएमा त्यस्तो आईसोलेसन व्यवस्था भएको ठाउँसम्म पुर्याउन खटिएका जनशक्ति ।

(घ) देहाय बमोजिमका प्रयोगशाला परीक्षणमा संलग्न जनशक्तिः

(१) कोभिड -१९ को संक्रमणको शंकास्पद व्यक्तिको नमूना संकलन, प्याकिङ र ढुवानीमा संलग्न जनशक्ति,

(२) कोभिड -१९ को संक्रमणको शंकास्पद व्यक्तिको नमूना परिक्षण र प्रमाणिकरण गर्ने ।

(ङ) खण्ड (क), (ख), (ग), र (घ) बमोजिमको जनशक्तिलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोगका लागि तत् तत् स्थानमा खटिएका जनशक्ति ।

(च)कोभिड -१९ का बिरामीसँग सम्पर्कमा आएकाहरुको खोजी कार्य (कन्ट्याक्ट ट्रेसिङ्ग) मा खटिएका स्वास्थ्यकर्मी ।

(छ) यस दफामा उल्लेखित जनशक्ति बाहेक बारबर्दिया नगरपालिका खण्ड (क), (ख), (ग), (घ), (ङ), र (च) मा उल्लेखित जनशक्तिको व्यवस्थापनमा संलग्न जनशक्ति ।

(ज) यस कार्यविधि बमोजिमको कार्यको अनुगमन, मूल्याङकन तथा व्यवस्थापनमा संलग्न जनशक्ति ।

४.विवरण तथा कागजात संलग्न गर्नुपर्नेः

(१) जोखिम भत्ता प्राप्त गर्नका लागि स्वास्थ्य शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतबाट प्रमाणीत गरिएको कागजात संलग्न गरी आर्थिक प्रशासन शाखामा पेश गर्नु पर्नेछः

(क) दफा ३ बमोजिमको कार्य गर्नका लागि खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित कागजात ।

(ख) फिबर (ज्वरो) क्लिनिकको हकमा फिबर क्लिनिक संचालन गरेको प्रमाण तथा फिबर क्लिनिकमा चेकजाँच गरेका व्यक्तिको विवरण ।

(ग) प्रयोगशाला परीक्षणमा संलग्न जनशक्तिको हकमा नमूना संकलन गरिएका तथा प्रयोगशाला परीक्षण गरिएका व्यक्तिको विवरण ।

(घ) स्वास्थ्य शाखा अन्तरगत बाहेक कार्यरत अन्य शाखा वा उपशाखामा कर्मचारीकोहकमा प्रमुख प्रशासकिय अधिकृतले खटाएको कामको विबरण बमोजिम ।

५.रकम उपलब्ध गराउनेः कोभिड -१९ को संक्रमणको पहिचान, रोकथाम तथा नियन्त्रणमा संलग्न जनशक्तिलाई जोखिम भत्ता बापतको रकम बारबर्दिया नगरकार्यपालिकाले उपलब्ध गराउनेछ ।

६.जोखिम भत्ता व्यवस्थापन ः

(१) कोभिड -१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रणा खटिएका जनशक्तिलाई जोखिम भत्ता व्यवस्थापन गरी सोको सोधभर्नाको लागि आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरी बारबर्दिया नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण प्राप्त भएपछि विवरणको आवश्यक जाँचबुझ गरी जोखिम भत्ता प्रदान गर्नुपर्ने देखिएमा बारबर्दिया नगरपालिकाले त्यस्तो रकमको भुक्तानी दिनु पर्नेछ ।

७.जोखिम भत्ताः देहायको जनशक्तिलाई देहाय बमोजिम नेपाल सरकारले बन्दाबन्दीको घोषणा गरेको मिति देखि मासिक रुपमा जोखिम भत्ता उपलब्ध गराइने छ ।

(१) कोभिड -१९ को आर. डि. टी.,पि. सी. आर. नमूना संकलन तथा परीक्षण कार्यमा संलग्न जनशक्ति,भारत तथा प्रभावित जिल्लाबाट आयका व्यक्तिलाई क्वारन्टाईन स्थल सम्म पुर्याउने चालक,कोरोना पोजिटिभ व्यक्तिलाई आईसोलेशन कक्ष सम्म पुर्याउने चालक, आईसोलेशन कक्षमा खटिने जनशक्ति र क्वानेन्टाईन स्थलमा खटिने स्वास्थ्य कर्मिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको शत प्रतिशत ।

(२) कम्युनिटी नर्स, पारामेडिक्स, हेल्थ डेक्समा खटाईएका स्वास्थ्य कर्मी तथा सरसफाईमा कार्यमा संलग्न जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको पचहत्तर प्रतिशत ।

(३) उपदफा १ र २ मा नसमेटिएका तर कोभिड -१९ को महामारी रोकथाम तथा नियन्त्रणमा संलग्न स्वास्थ्य संस्थाका कर्मचारी बाहेक अन्य कर्मचारीहरु जो प्रशासनिक तथा व्यबस्थापन कार्यमा खटिने जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको पचास प्रतिशत रकम नेपाल सरकारले बन्दाबन्दीको घोषणा गरेको मिति देखि यस चालु आ.व.को असार मसान्त सम्म एक मुष्टरुपमा जोखिम भत्ता उपलब्ध गराइने छ ।

८.अनुगमन गर्नेः जोखिम भत्ता लागू भए नभएको र जोखिम भत्ताको दुरुपयोग भए नभएको सम्बन्धमा बारबर्दिया नगरपालिकाले अनुगमन गर्नेछ ।

९. जोखिम भत्ताको अवधिः

(१) नेपालमा कोभिड—१९ को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले बन्दाबन्दीको घोषणा गरेको मिति देखि यस चालु आ.व.को असार मसान्त सम्मको अवधिलाई कायम रहेको मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बारबर्दिया नगर कार्यपालिकाले कोभिड-१९ को संक्रमण तथा जोखिमको अबस्था आकंलन गरि म्याद थप गर्न सक्नेछ ।

१०.बारबर्दिया नगरपालिकाले आवश्यक व्यवस्था गर्नेः यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्नेछ ।

# बारबर्दिया नगरपालिकामा कार्यरत कर्मचारीहरुको कोरना भारस (कोभिड -१९) सम्बन्धी जोखिम भत्ता कार्यविधि, २०७७

प्रस्तावनाः कोरोना भाइरस (कोभिड -१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कार्यमा संलग्न जनशक्तिलाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।१२।०९ को निर्णय अनुसार जोखिम भत्ता उपलब्ध गराउन वाञ्छनीय भएकोले,

संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि जारी गरेको छ । सो आदेश बमोजिम यस बारबर्दिया नगरपालिकाले नगरपालिकामा कार्यरत कर्मचारीहरुको कोरोना भाईरस सम्बन्धि जोखिम भत्ता कार्यविधि २०७७ जारि गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस आदेशको नाम “बारबर्दिया नगरपालिकाको कोभिड -१९ सम्बन्धी जोखिम भत्ता कार्यविधि, २०७७” रहेको छ ।

२.परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “रोकथाम तथा नियन्त्रण” भन्नाले कोभिड -१९ को संक्रमणको न्युनिकरण गर्नका लागि प्रदान गरिएको स्वास्थ्य सम्बन्धि सेवा सम्झनु पर्छ ।

(ख) “कोभिड -१९ भन्नाले (SARS-COV-2) भाइरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्छ ।

(ग) “स्वाव संकलन र आ.डि.टी परिक्षण” भन्नाले क्वारेन्टाइन स्थलमा कोभिड -१९ को परीक्षण गर्नका लागि स्वाव संकलन तथा RDT परिक्षण भन्ने सम्झनु पर्छ ।

(घ) “जोखिम भत्ता” भन्नाले कोभिड -१९ को संक्रमणको रोकथाम तथा नियन्त्रणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहने जनशक्तिलाई यस कार्यविधि वमोजिम प्रदान गरिने जोखिम भत्ता सम्झनु पर्छ ।

(ङ) “नगरपालिका” भन्नाले बारबर्दिया नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(च) “जनशक्ति” भन्नाले कोभिड -१९ को संक्रमणको रोकथाम तथा नियन्त्रणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न दफा ३ बमोजिमको निकायको सोही बमोजिमको कार्यमा संलग्न देहाय बमोजिमका जनशक्ति सम्झनु पर्छः

३.डाक्टर

४. नर्स

५.प्रयोगशालाकर्मी

६.कोभिड -१९ को रोकथाम तथा नियन्त्रणमा संलग्न व्यक्तिलाइ बोक्ने सवारि चालक

७.सरसफाइमा संलग्न कर्मचारी

८.कम्पयुटर अपरेटर

९.मौज्दात व्यवस्थापनमा सहयोग गर्ने कर्मचारी

१०. प्रशासनिक तथा अन्य कर्मचारी र सहयोगी कर्मचारी

११. प्रमुख प्रशासकिय अधिकृतले कोभिड -१९ को संक्रमणको रोकथाम तथा नियन्त्रणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको खटाईएका कर्मचारीहरु ।

**३. जोखिम भत्ता प्राप्त गर्न सक्नेः** कोभिड -१९ को संक्रमणको रोकथाम तथा नियन्त्रणमा संलग्न देहाय देहाय वमोजिमका काममा खटिएका कर्रमचारीहरुले जोखिम भत्ता प्राप्त गर्न सक्नेछन्ः

(क)कोभिड -१९ को आर. डि. टी., पि. सी. आर. परीक्षण तथा नमूना संकलन कार्यकोलागि खटाइएका ल्यावमा कामगर्ने स्वस्थ्यकर्मिहरु ,

(ख)भारत तथा नेपालका अन्य जिल्लावाट आएका व्यक्तिलाई क्वारन्टाईन स्थल सम्म पुर्याउने काममा नगरपालिकाद्वारा खटाईएका सवारी चालकहरु,

(ग)कोरोना पोजिटिभ व्यक्तिलाई आईसोलेशन कक्ष सम्म पुर्याउने काममा नगरपालिकाद्वारा खटाईएका सवारि चालकहरु,

(घ)कोरोना पोजेटिभ देखिएको ब्यक्तिलाइ आईसोलेशन कक्षमा राखिएपछि निजहरुको उपचारमा खटिने डाक्टर र आईसोलेशन कक्षमा खटाइएका स्वस्थ्यकर्मीहरु,

(ङ)कोभिड -१९ का बिरामीसँग सम्पर्कमा आएकाहरुको खोजी कार्य (कन्ट्याक्ट ट्रेसिङ्ग) मा खटिएका स्वास्थ्यकर्मी,

(च)नगरपालिकाद्वारा तोकिएका विभीन्न क्वरेन्टाईन स्थलमा राखिएका मानिसहरुको दैनिक स्वास्थ्य चेकजाँच कार्यमा खटाइएका स्वास्थ्य कर्मीहरु,

(छ)कोभिड -१९ को महामारी रोकथाम तथा नियन्त्रणमा संलग्न स्वास्थ्य संस्थाका अन्य कर्मचारीहरु र बारबर्दिया नगरपालिकाका प्रशासनिक तथा व्यबस्थापन कार्यमा बारबर्दिया नगरपालिकाद्वारा खटाई सो काममा दैनिकरुपमा क्वारेन्टाइन तथा सोको व्यवस्थापनमा खटिने कर्मचारीहरु,

४.विवरण तथा कागजात संलग्न गर्नुपर्नेः

(१) जोखिम भत्ता प्राप्त गर्नका लागि स्वास्थ्य शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतबाट प्रमाणीत गरिएको कागजात संलग्न गरी आर्थिक प्रशासन शाखामा पेश गर्नु पर्नेछः

(क) दफा ३ बमोजिमको कार्य गर्नका लागि खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित कागजातहरु ।

(ख) प्रयोगशाला परीक्षणमा संलग्न जनशक्तिको हकमा नमूना संकलन गरिएका तथा प्रयोगशाला परीक्षण गरिएका व्यक्तिको विवरण ।

(ग) स्वास्थ्य शाखा अन्तरगत बाहेक कार्यरत अन्य शाखा वा उपशाखामा कर्मचारीकोहकमा प्रमुख प्रशासकिय अधिकृतले खटाएको कामको विबरण बमोजिम ।

**५.जोखीम भत्ता रकम उपलब्ध गराउनेः** कोभिड -१९ को संक्रमणको पहिचान, रोकथाम तथा नियन्त्रणमा संलग्न जनशक्तिलाई जोखिम भत्ता बापतको रकम बारबर्दिया नगरकार्यपालिकाले कोरोना भाइरस रोकथाम तथा नियन्त्रणकालागि स्थापना गरिएको कोषबाट उपलब्ध गराउनेछ ।

**६.जोखिम भत्ता व्यवस्थापनः**

(१) कोभिड -१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रणा खटिएका जनशक्तिलाई जोखिम भत्ता व्यवस्थापन गरी सोको सोध भर्नाको लागि आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरी बारबर्दिया नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण प्राप्त भएपछि विवरणको आवश्यक जाँचबुझ गरी जोखिम भत्ता प्रदान गर्नुपर्ने देखिएमा बारबर्दिया नगरपालिकाले त्यस्तो रकमको भुक्तानी दिनु पर्नेछ ।

**७.जोखिम भत्ता बापतको रकमः** १. देहायको जनशक्तिलाई देहाय बमोजिम नेपाल सरकारले बन्दाबन्दीको घोषणा गरेको मिति पछि बारबर्दिया नगरपालिकाले खटाएको दिन देखीको मिति देखिको मासिक रुपमा कोरोना जोखिम भत्ता रकम उपलब्ध गराइनेछ ।

(क)कोभिड -१९ को आर. डि. टी.,पि. सी. आर. परीक्षण तथा नमूना संकलन कार्यकोलागि खटाइएका ल्यावमा कामगर्ने स्वस्थ्यकर्मि ,

(ख)भारत तथा नेपालका अन्य जिल्लावाट आएका व्यक्तिलाई क्वारन्टाईन स्थल सम्म पुर्याउने काममा नगरपालिकाद्वारा खटाईएका सवारिचालकहरु,

(ग)कोरोना पोजिटिभ व्यक्तिलाई आईसोलेशन कक्ष सम्म पुर्याउने चालक,

(घ)कोरोना पोजेटिभ देखिएको ब्यक्तिलाइ आईसोलेशन कक्षमा राखिएपछि निजहरुको उपचारमा खटिने डाक्टर र आईसोलेशन कक्षमा खटाइएका स्वस्थ्यकर्मीहरु ।

२. माथी उल्लेखित क,ख,ग र घ बुँदाहरुको हकमा  नगरपालिकाद्वारा कोरोना रोकथाम तथा नियन्त्रण सम्बन्धी काममा खटाईएका स्वास्थ्यकर्मि,मानिसहरु बोक्ने सवारि चालकलाइ नेपाल सरकारले तोकेको शुरु तलब स्केलको १००%(शत प्रतिशत) तलब बराबरको रकम कोरोना जोखिम भत्ताको रुपमा उपलव्ध गराइनेछ ।

३.देहायको कर्मचारीहरुलाई देहाय बमोजिम नेपाल सरकारले बन्दाबन्दीको घोषणा गरेको मिति देखि मासिक रुपमा जोखिम भत्ता उपलब्ध गराइने छ ।

(क) क्वरेन्टाईन स्थलमा राखिएका मानिसहरुको दैनिक स्वास्थ्य चेकजाँच कार्यमा खटाइएका स्वास्थ्य कर्मीहरुलाइ नेपाल सरकारले तोकेको शुरु तलब स्केलको ५०%(पचास प्रतिशत ) तलब बराबरको रकम कोरोना जोखिम भत्ताको रुपमा उपलव्ध गराइनेछ ।

(४) उपदफा १ र २ मा नसमेटिएका तर कोभिड -१९ को महामारी रोकथाम तथा नियन्त्रणमा संलग्न स्वास्थ्य संस्थाका अन्य कर्मचारीहरु र बारबर्दिया नगरपालिकाका प्रशासनिक तथा व्यबस्थापन कार्यमा बारबर्दिया नगरपालिकाद्वारा खटाई सो काममा दैनिकरुपमा क्वारेन्टाइन तथा सोको व्यवस्थापनमा खटिने कर्मचारीहरुलाई नेपाल सरकारले बन्दाबन्दीको घोषणा गरेको मिति देखि यस चालु आ.व.को असार मसान्त सम्म एक पटकको लागिमात्र एक मुष्टरुपमा नेपाल सरकारले तोकेको शुरु तलब स्केलको ५०% (पचास प्रतिशत) रकम जोखिम भत्ता उपलब्ध गराइने छ ।

८. स्वास्थ्य विमा सम्बन्धी ब्यवस्थाः कोरोना भाइरस (कोभिड-१९)को रोकथाम तथा नियन्त्रणको क्रममा खटिएका यस बारवर्दिया नगरपालिकाका स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक,प्रशासन सेवाका कर्मचारी,प्राविधीक कर्मचारी,जनप्रतिनिधी, श्रेणी विहिन कर्मचारीहरुलाई निजहरुले कोरोना रोकथाम तथा न्यूनिकरणमा अहोरात्र खटिएर काम गरिरहँदा निजहरु स्वयमलाई नै कोरोना पोजेटिभ देखिएमा सोको उपचारको लागि प्रत्येकको हकमा रु १०००००। (एकलाख) स्वास्थ्य बिमा गरिनेछ ।

९.अनुगमन गर्नेः जोखिम भत्ता दुरुपयोग भए नभएको सम्बन्धमा बारबर्दिया नगरपालिकाले अनुगमन गर्नेछ ।

१०. जोखिम भत्ताको अवधिः

(१) नेपालमा कोभिड—१९ को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले बन्दाबन्दीको घोषणा गरेको मिति देखि यस चालु आ.व.को असार मसान्त सम्मको अवधिलाई कायम रहेको मानिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि बारबर्दिया नगर कार्यपालिकाले कोभिड-१९ को संक्रमण तथा जोखिमको अबस्था आकंलन गरि म्याद थप गर्न सक्नेछ ।

११.बारबर्दिया नगरपालिकाले आवश्यक व्यवस्था गर्नेः यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्नेछ ।

आज्ञाले

दशरथ बुढा

प्रमुख प्रशासकीय अधिकृत